## मिति २०७७ असार २४ गते वीरेन्द्रनगर नगरकार्यपालिकाको ८८ औं बैठकका निर्णयहरु

१.वीरेन्द्रनगर नगरपालिकाको मिति २०७७ आषाढ १० र ११ गते सम्पन्न सातौं नगर सभाका विषयमा सम्पूर्ण सदस्यहरुबाट समीक्षा भयो । समीक्षाको क्रममा देहायका विषयहरु उपर छलफल र निर्णय भयो :

क) कोभिड १९ को व्यवस्थापनका क्रममा लकडाउन, राहत वितरण, पूर्वसावधानी गृह व्यवस्थापन, आईसोलेसन व्यवस्थापन तथा सातौं नगर सभामा आ–आफ्नो स्थानबाट खटिएर महत्वपूर्ण योगदान दिने जनप्रतिनिधी टोल विकास सैस्थाका पदाधिकारी,आम संचार तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने,

ख) सभाको बैठकमा टेबुल गरिएका विषयहरुमा सदस्यहरुलाई अध्ययनको लागि समय न्यून रहेको, समितिका संयोजकले सार्वजनिक महत्वका विषयमा जवाफ दिने विषय,सभाहलमा सामाजिक दूरी कायम गर्न कठिन भएको विषय लगायतमा समीक्षा भई सो विषयहरु आगामी दिनमा अँझ बढी प्रभावकारी हुने गरी व्यवस्थापन गर्ने,

ग) नेपालको सम्पूर्ण भुभाग समेटेर नेपाल सरकारले नयाँ नक्सा लागु गरेकोमा सो कदम प्रति नगरपालिकाले नेपाल सरकारलाई आभार व्यक्त गर्ने,

घ) कर्णाली प्रदेशको रुकुम पश्चिम र जाजरकोटमा छ जना व्यक्तिहरुको ज्यान जाने गरी भएको घटनाको खेद प्रकट गर्दै मृतकहरुमा हार्दिक समवेदना ज्ञापन गर्ने,

२.क) कोरोना भाईरस रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा यस अघिका निर्णय बमोजिम कार्यालयबाट हालसम्म पूर्व सावधानी गृह तथा आईसोलेसन व्यवस्थापनमा गरेका गतिविधि समेटिएको खर्च विवरण सहितको प्रारम्भीक प्रतिवेदन बैठक समक्ष पेश भयो । सो प्रतिवेदनमा थप प्रष्टताका लागि हाल सम्म विदेश तथा स्वदेशबाट नगरपालिकामा भित्रिएर सेवा लिएका व्यक्तिहरुको वडागत विवरण,दैनिक संख्यात्मक विवरण लगायत बैठकमा उठेका विषयहरुलाई प्रतिवेदनमा समावेश गरी २०७७ असार मसान्त सम्मको यथार्थ सहित श्रावणको पहिलो हप्ता सम्म अन्तिम प्रतिवेदन तयार गरि पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

ख) कोरोना संक्रमण नियन्त्रण, रोकथाम तथा उपचार कोषमा यस अघि रकमान्तर गरी विनियोजन गरिएको वजेट नपुग भएकाले चालु आर्थिक वर्षको लागि देहायका चालु तर्फका शीर्षकमा विनियोजित रकम रकमान्तर गरि कोषमा रु.१,९४,००,०००। रकम थप गरि संक्रमण व्यवस्थापनको कार्य गर्ने ।

- ➔कर्मचारी पारिश्रमिकबाट रु.१ करोड ५७ लाख,
- ➔पोषाकबाट रु.७ लाख,
- ➔कर्मचारी तालिमबाट रु.३० लाख

०७७/३/२४

Scanned with CamScanner

३.यस नगरपालिका र UNDP को साझेदारीमा निर्माण गरिएका विभिन्न ५ वटा सार्वजनिक शौचालय निर्माणमा नगरपालिकाले ४० प्रतिशत सहभागिता गर्ने गरि सम्झौता समेत गरि सकेको नगरपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने रकममध्ये छैठौं नगरसभाबाट विनियोजित रकम रु ३५ लाखले नपुग हुन जाने रकम रु.१०,७०,८४७- चालू आ.व.०७६।७७ का लागि स्वीकृत म्याचिङ फण्डबाट शीर्षकबाट सहकार्य गरी भुक्तानी गर्ने ।

४.क) प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगतको वजेटबाट सम्झौता गरि चालू आ.व.०७६।७७ मा कार्य संचालन भै रहेका विभिन्न विद्यालयहरु निर्माणको क्रममा रहेको र कोभिड १९ लगायतको कारणले २०७७ असार मसान्त भित्र कार्य सम्पन्न हुन नसकी म्याद थपको लागि केही विद्यालयबाट अनुरोध भई आएकाले त्यस्ता निर्माण कार्यको २०७७ असोज मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गरी प्रदेश सरकारबाट निकासा प्राप्त रकम विद्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गराई कार्य सम्पन्न नहुन्जेल सम्मलाई विद्यालयको खाता रोक्का गर्ने ।

ख) प्रदेश समपुरकतर्फ र विशेष अनुदान तर्फको यस नगरपालिकामा विनियोजित बजेट मध्ये हालसम्म निकासा भएको रकमको हकमा विद्यालय व्यवस्थापन समिति मार्फत संचालनरत भएका आयोजनाको हकमा माथि ४(क) बमोजिम गर्ने र अन्य निर्माणको हकमा असार मसान्त सम्म भएको कार्यको मूल्यांकन गरी भुक्तानी दिई प्रदेश र संघ सरकार संग निरन्तताको लागि माग गरी योजना समापन गर्ने ।

ग) स्वास्थ्य संस्था भवन निर्माणमा चालू आ.व. भित्र प्राप्त बजेट बाट कार्य गर्ने गरि टेण्डर भई सम्झौता भएका आयोजनाहरुलाई पेश्की उपलब्ध गराई नपुग निकासा रकम संघीय सरकारमा लेखि पठाई सो आयोजनाहरु क्रमागत गर्ने ।

घ) महालेखा नियन्त्रक कार्यालयको २०७७।३।२१ को निर्देशन सम्बन्धमा पत्र बैठकमा जानकारी भयो, नगरपालिकाले सो पत्रानुसार आर्थिक क्रियाकलाप सम्पन्न गर्ने ।

५.क) साविकमा घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गत नियुक्ति पाई हाल नगरपालिकामा समायोजन भएका कर्मचारीहरुको औषधि उपचार अर्धवार्षिक रुपमा पाउनुपर्ने माग निवेदन र साविकमा गाउँनगर साझेदारी तर्फ कार्यरत भई नगरपालिकामा आन्तरिकीकरण भएका कर्मचारीको ग्रेड लगायत थप सेवा सुविधाका सम्बन्धमा आवश्यक छलफल गरी राय पेश गर्ने गरी सार्वजनिक सेवा तथा क्षमता विकास समितिमा पठाउने ।

ख) यस नगरपालिकामा विभिन्न समयमा करारतर्फ नियुक्ति पाई हाल सम्म कार्यरत रहेका र २०७७ अषाढ मसान्तमा करार म्याद समाप्त हुने कर्मचारीहरुको सेवा आगामी आर्थिक वर्षमा समेत निरन्तर आवश्यकता हुने विषयमा सम्वन्धित कर्मचारीको सुपरीवेक्षकको सिफारिस सहित निवेदन माग गरि व्यक्ति र सेवाको विषयमा सार्वजनिक सेवा तथा क्षमता विकास समितिले निर्णय गरि कार्यपालिका समक्ष पेश गर्ने ।

०७७/३/२९

Scanned with CamScanner

६.यस बैठकमा कार्यालयबाट प्रस्तुत भएको श्री शिद्धबाल बहिरा विद्यालय, वीरेन्द्रनगर ८ को भवन निर्माण डिपिआर लाई स्वीकृत गर्दै सो विद्यालय निर्माणका लागि आवश्यक श्रोत उपलब्ध गराईदीन संघीय सरकार र प्रदेश सरकार सँग अनुरोध गर्ने ।

७. देहायका विषयहरुमा सबै सहमत भई निर्णय गरियो :

क) यस नगरपालिकावाट विद्यालय नर्स कार्यक्रम संचालन गर्न २० जना स्टाफ नर्सको विज्ञापन भएकोमा पर्न आएका दरखास्तका आधारमा ४० जना उम्मेदवारलाई विद्यालय नर्स छनौट कार्यविधि अनुसार अंक गणना गरी अन्तरवार्ताका लागि छोटो सूचि प्रकाशन गर्ने र अन्तरवार्ता संचालन गर्ने ।

ख) मिति २०७६ चैत्र ११ गतेदेखि भएको बन्दाबन्दीको कारणले नगरपालिकामा नियमित कार्य हुन नसेकेको हुँदा सो अवधिदेखि २०७७ जेष्ठ मसान्त सम्म नगरपालिकाले लिनुपर्ने सम्पूर्ण शुल्क तथा कर जरिवानाहरु मिनाह गरी सो अवधिभित्र म्याद समाप्त भएका कागजातहरुको समेत २०७७ श्रावण मसान्त सम्म कुनै थप जरिवाना नलिई नवीकरण गर्ने व्यवस्था मिलाउने तर २०७७ असार १ पश्चातको हकमा नियमित प्रक्रिया गर्ने,

ग) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मूख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालित योजनाहरुमा ज्याला भुक्तानी गर्दा बैंक खाता मार्फत गर्नुपर्ने प्रावधान भएकोमा उक्त कार्यक्रम छोटो समय संचालन भई अधिक कामदार प्रयोग भएको र असार मसान्तमा सबैको नयाँ खाता खोल्न कठिन भएकोले उक्त ज्याला नगदै समेत भुक्तानी गर्ने ।

०७७।३।२९

Scanned with CamScanner